**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २२ मई २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री तथा भाजपाका बरिस्ट नेता नरेन्द्र मोदीले उत्तर प्रदेशको बस्तीमा आयोजित जनसभामा पाँच चरणमै मोदी सरकार बन्ने दाबी गर्नुभयो।
२. केन्द्रीय गृहमन्त्री अमित शाहले भाजपाले बङ्गालमा ३० सिट जितेमा ममता सरकारको विदाई निश्चित रहेको बताउनु भएको छ
३. कलकत्ता उच्च अदालतले सन् २०१० पछि बनेका सबै ओबीसी प्रमाणपत्रहरू रद्द गर्न आदेश दिएको छ।
४. मिरिक थर्बु बहादुर गाउँ निवासी पश्चिम बंगाल पुलिसमा कार्यरत जवान पेमा रिन्जिन लामाको पार्थिव शरीरलाई आज आफ्नो पैत्रिक थलो ल्याइपुराईएको छ।
५. भोली हुने बुद्दजयन्तीको निम्ती पहाडभरीका गुम्बाहरुमा पुजा अर्चना शुरु

**चुनाव प्रचार**

लोकसभा चुनावका बाँकी दुई चरणका लागि चुनाव प्रचार तिब्र गतिमा चलिरहेको छ भने विभिन्न राजनीतिक दलका शीर्ष नेताहरु मतदातालाई रिझाउन जनसभा र रोड शो गरिरहेका छन् ।

****** ० ******

**प्रधानमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले बुधवार उत्तर प्रदेशको बस्तीमा तीन लोकसभा क्षेत्रहरू बस्तीए सन्तकबीरनगर र डुमरियागंजबाट भाजपा प्रत्याशीको समर्थनमा जनसभामा पाँच चरणमै मोदी सरकार बन्ने दाबी गर्नुभयो। जनसभालाई सम्बोधित गर्दै उहाँले भन्नुभयो यी क्षेत्रहरूले हामीमाथि विश्वास गरेको छ। यसैले म तपाईको विश्वासलाई तोड्न दिनेछुइन उहाँले अझ भन्नुभयो यस मैदानमा म पहिलेपनि आएको छु तर आजको दृश्य यस अगाड़ी कहिलेपनि देखिन। टनटनापूर घाँममा खड़ा मानिसहरूसित क्षमा माग्दै मेरो व्यवस्था सानो रहेको उल्लेख गर्नुभयो। तपाईको तपस्यालाई बेकार जान दिनेछुइन। यसको धैरै गुणा फर्काउनेछु। देशमा पाँच चरणको चुनाउ भएको छ। यही चरणहरूले मोदी सरकार पक्का बनाएको छ। थाहा छैन इन्डी गठबन्धनले कुन आंकड़ा बताइरहेछ। उसलाई याद रहँदैनए उसले आज के बोलीरहेछए दुई दिनअघि के बोलेको थियो। कांग्रेसलाई भोट दिनु निरर्थक हो। तपाईको भोट बर्बाद होस्ए यहाँको कुनैपनि मतदाताले चाहँदैन। यसैले तपाईको भोट त्यसलाई जानुपर्छए जसको सरकार बन्न गइरहेछ।

****** ० ******

**केंद्रीय गृह मंत्री**

केन्द्रीय गृहमन्त्री अमित शाहले पश्चिम बङ्गालमा एक चुनावी सभालाई सम्बोधन गर्दै भाजपाले बङ्गालमा ३० सिट जितेमा ममता सरकारको विदाई निश्चित रहेको बताउनु भएको छ । कान्थीमा एक र्यालीलाई सम्बोधन गर्दै उहाले बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीसहित सबै विपक्षी दललाई निशाना बनाउदै मुख्यमंत्रीले राज्यमा प्रधानमन्त्री नरेन्द्र मोदीका योजनाहरू रोकेको आरोप लगाउनु भयो। यसका साथै उहाँले पश्चिम बङ्गालमा भएको राजनीतिक हिंसाले लोकतन्त्रलाई ध्वस्त पारेको भन्दै तृणमूल कङ्ग्रेको आलोचना गर्नुभयो। बङ्गालमा राजनीतिक हिंसाले

लोकतन्त्रलाई लगभग समाप्त गरिदिएको उल्लेख गर्दै पञ्चायत चुनावको समयमा २०० भन्दा अधिक मानिसहरूको मृत्यु भएको यदपी यस पटकको चुनावमा गुण्डाहरूले कसैको कपाल काट्न नसकेको बताउनु भयो।

****** ० ******

**कलकत्ता-हाईकोर्ट**

कलकत्ता उच्च अदालतले सन् २०१० पछि बनेका सबै ओबीसी प्रमाणपत्रहरू रद्द गर्न आदेश दिएको छ। यसको कारण लगभग पांच लाख ओबीसी सर्टिफिकेट रद्द हु नेछ भने उच्च न्यायालयले सन् २०१० भन्दा अघि घोषित ओबीसी वर्गका व्यक्तिहरूको प्रमाणपत्र वैध रहने बताएको छ। कलकत्ता उच्च अदालतका न्यायाधीश तपोब्रत चक्रवर्ती र न्यायाधीश राजशेखर मंथाले आज उक्त आदेश जारी गर्नुभएको छ। अदालतले पश्चिम बङ्गाल पिछडिएको वर्ग कल्याण आयोगलाई ओबीसीहरूको नयाँ सूची तयार गर्न निर्देशन दिएको छए जुन विधानसभामा पेश गरिनेछ। कलकत्ता उच्च अदालतले सन् २०१० पछि बनाइएका ओबीसी प्रमाणपत्रहरू कानूनको पूर्ण पालनामा नबनाइएको ठहर गरेको थियो।

****** ० ******

**उपराष्ट्रपति**

उपराष्ट्रपति जगदीप धनखड आज तेहरान पुग्नुभएको छ। त्यहाँ इरानी अधिकारीहरू द्वारा उहाँलाई स्वागत गरिएको थियो। श्री धनखड इरानी राष्ट्रपति सैयद इब्राहिम रायसी र विदेश मन्त्री एच अमिर-अब्दुल्लाहियनको निधनमा शोक प्रकट गर्न औपचारिक समारोहमा भाग लिन तेहरान जानुभएको होद्य

****** ० ******

**रिजर्भ ब्यांक अफ इण्डिया**

रिजर्भ ब्यांक अफ इण्डिया (आरबीआई)- ले वित्त वर्ष २०२३.२४ को लागि केन्द्र सरकारलाई २ण्११ लाख करोड़ रुपियाँको लाभांश भुक्तानलाई स्वीकृति दिएको छ। रिजर्भ ब्यांकले वर्ष २०२२.२३ मा सरकारलाई ८७ए४१६ करोड़ रुपियाँको लाभांश दिएको थियो। यो राशि एक वर्षअघिको तुलनामा दुई गुणाभन्दा अधिक हो। रिजर्भ ब्यांकका गभर्नर शक्तिकान्त दासको अध्यक्षतामा आयोजित आरबीआईको केन्द्रिय निदेशक मण्डलको ६०८औं बैठकमा लाभांश भुक्तान गर्ने निर्णय लिइयो। आरबीआईद्वारा जारी एक बयानमा रिजर्भ ब्यांकको निदेशक मण्डलले लेखा वर्ष २०२३.२४ को लागि केन्द्र सरकारलाई अधिशेषको रूपमा २ए,०,७४ करोड़ रुपियाँ हस्तान्तरणलाई स्वीकृति दिएको बताइएको छ।

****** ० ******

**केदारनाथ-दौडमा**

कालेबुङ जिल्लाको जलढकाबाट धार्मिक स्थल केदारनाथसम्मको दौडमा निस्केका जलढका रनर्स दलका सदस्यहरु नोर्देन तामाङ अनि अनुज शर्माले ४० दिनको निरन्तर प्रयासपछि अन्तत केदारनाथ पुगेका छन। झोलुङ्ग बजार देखि दौडमा निस्केका यी दुईजना छिमेकी राष्ट नेपाल हुदै धार्मिक स्थल केदारनाथसम्म पुगेको बताइएको छ।

****** ० ******

**पेमा रिन्जिन लामा**

मिरिक थर्बु बहादुर गाउँ निवासी पश्चिम बंगाल पुलिसमा कार्यरत जवान पेमा रिन्जिन लामाको पार्थिव शरीरलाई आज आफ्नो पैत्रिक थलो ल्याइपुराईएको छ। उनी १७ मई बेलुकीदेखि निखोज अवस्थामा थिए भने उनीको मृत देह हिजो नर्थ पोर्ट पुलिस स्टेशन कलकत्ता अधिनस्थ एउटा घाटबाट बरामद गरियो। ज्ञात रहोस् पेमा रिन्जिन लामा हुगली जिल्लामा तैनात थिए भने उनी चुनाव ड्युटीमा खटिएका समय आफ्नो थाना क्षेत्रबाट बेपत्ता बनेका स्रोतको भनाइ छ।

****** ० ******

**निप्पोन**

दार्जिलिङ जिल्लाकै सुदुरवर्ती रिम्बिक लोधोमा क्षेत्रमा रहेको मिनिहाइड्रोपावर निप्पोन कम्पनी अधिनस्त काम गरिहेका कर्मचारीहरु हाल विभिन्न मागलाई अघि सार्दै असहयोग आन्दोलनमा उत्रेका छन भने उनीहरूको आन्दोलन २२औँ दिन पनि यथावत् रहेको छ। उक्त आन्दोलनलाई समर्थन जनाउँदै विभिन्न राजनैतिक पार्टी तथा सघसस्थाहरु अधि आएका छन भने उनीहरूको न्यायको गुहार क्षेत्रीय सरकार सगै सम्बन्धित निकायमा लगाएका छन अर्कोतिर कम्पनी पक्षलाई कानुनी दायरामा ल्याउदै दबाब राखिदिने अनुरोध गरेका छन।स्मरण रहोस् निम्पोन कम्पनी अधिनस्त कार्यरत कर्मचारीहरुले कम्पनीसग गरिएको सहमतिको आधारमा कुनैपनि सुविधा नपाएको गुनासो छ भने कम्पनी पक्षधरहरुले यसबारेमा केहि बोलेका छैनन्।

****** ० ******

**गाडीको छप्पर क्षति**

आज परेको पानी झरीको समय हावा चल्दा खरसाङको पंखाबारी रोडस्थित बेथानी स्कूल छेउको धेरै पुरानो रूखको हाँगा झर्दा एउटा अल्टो गाडीको छप्पर क्षतिग्रस्त भएर कुच्चिएको छ। बिहानको समयमका पानी झरी र हावाको कारणले उक्त रूखको हाँगा झरेर गाडीलाई लागेपछि केही समय गाड़ी आवत जावतमा समस्या भएपनि केही समयपछि सामान्य भएको थियो।

****** ० ******

**रेलको धक्का**

रेलको धक्काले मानसिक रूपमा विछिप्त एक व्यक्तिको मृत्यु भएको छ । घटना आज बिहान नक्सलबारीको बेंगाईजोत क्षेत्रमा भएको हो । स्थानीयहरूले रेलवे लाइनमा एक व्यक्ति मृत अवस्थामा देखेपछि होहल्ला मच्चिएको थियो भने घटनाको जानकारी पाएलगत्तै रेलवे पुलिसका अधिकारी घटनास्थलमा पुगेर शवलाई रेल लाइनबाट निकालेर पोस्टमार्टमका लागि उत्तर बंगाल मेडिकल कलेज एवं अस्पताल पठाएको तथा घटनाको जाँच शुरु गरिसकेको बताइएको छ।

****** ० ******

**रामकृष्ण मिशन**

रामकृष्ण मिशनको जमीनमाथि कब्जा गर्ने प्रयास गरेको तथा सुरक्षाकर्मीहरूमाथि कुटपिट गरेको आरोपमा भक्तिनगर थानाको पुलिसले घटनाको जाँच गरेपछि पाँचजना मानिसहरूलाई पक्राउ गरेको

****** ० ******

**बुद्ध जयन्ती-बिजनबारी**

भगवान बुद्ध जयन्तीको पावन अवसरमा बिजनबारी क्षेत्रको बिभिन्न गुम्बाहरुमा विधिवत रुपमा पुजा-अर्चना शुरु गरिएको छ भने गुम्बाहरुलाई आकर्षक रुपमा सझाइएको छ ।

****** ० ******

**बंगालको खाड़ी**

बङ्गालको खाडीमा बढ्दै गएको चक्रवाती आँधी रुमेलको प्रभावले राज्यको तटीय क्षेत्रमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ । मौसम विभागका अनुसार चक्रवात आज बङ्गालको खाडीमा न्यून चापीय क्षेत्रमा परिणत हुने तथा शुक्रबारको दिन बलियो हुदै मेघगर्जन सहित भारी वर्षा हुने अनुमान लगाइएको छ।

****** ० ******

**नेपाल-जलवायु परिवर्तन**

जलवायु परिवर्तनका कारण हिमालमा पर्ने प्रतिकूल असरप्रति विश्वको ध्यानाकर्षण गराउन दुईदिने ‘पहाडी जनता र जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय संवाद’ नेपालको राजधानी काठमाडौंमा आयोजना हुँदैछ

****** ० ******